# बागमती गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### भट्टेडाँडा, ललितपुर
### ३ नं. प्रदेश, नेपाल

## कर्मचारी अवश्यकता सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति :- २०७५/०७/०७

यस बागमती गाउँपालिकाको स्वीकृत दरवन्दी अनुसारको तपसिलको विज्ञापनमा उल्लेखित पदमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक आवेदकहरूलाइ दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम यस कार्यालयको वेबसाइट www.bagmatimunlalitpur.gov.np बाट डाउनलोड गरी वा बागमती गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ । म्याद नाघी दरखास्त प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| वि.नं. | पद | पद संख्या | कैफियत |
|---|---|---|---|
| ००१/०७५/०७६ | इन्जिनियर (Engineer) | १ | |
| ००२/०७५/०७६ | सब इन्जिनियर (Civil General) | ५ | |

**परीक्षाको किसिम** - अर्न्तवार्ता

**परीक्षा केन्द्र** - गाउँकार्यपालिकाको कार्यालय ।

**आवश्यक न्यूनतम योग्यता** - लोकसेवा आयोगले लिने इन्जिनियर पदको लागि निर्धारण गरेको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा आर्किटेक्चर विषयमा स्नातक तह उतिर्ण भएको हुन पर्ने ।

(लोकसेवा आयोगले लिने सब इन्जिनियर पदको लागि निर्धारण गरेको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा आर्किटेक्चर विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण भएको हुन पर्ने ।

**दरखास्त माध्यम** - इच्छुक आवेदकले तपशीलमा उल्लेख भएबमोजिमको परीक्षा दस्तुर रकम जम्मा गरेको भौचर साथ लोकसेवा आयोगको ढाँचामा फारम भरी तोकिएको मितिमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, व्यक्तिगत विवरण (Bio Data), आफूले प्राप्त गरेको शैक्षिक योग्यताको विवरण, नेपाली नागरिकताको प्रमाण पत्र तथा अनुभव आदिको प्रमाणपत्रको स्वयंद्वारा प्रमाणित प्रतिलिपिहरू साथ राखी रितपूवर्कको आवेदन फारम भरी हुलाक, इमेल ठेगाना bagmatigaupa-lika@gmail.com वा स्वयं उपस्थित भइ आवेदन दिनुपर्नेछ ।

**उम्मेदवारको उमेरको हद** - उल्लेखित पदहरूकोलागि दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भइ ३५ वर्ष ननाघेको हुनुपर्छ । तर महिला तथा अपाङ्गता भएको हकमा ४० वर्ष ननाघेको हुनुपर्छ ।

**उम्मेद्वार छनोटको आधारहरू**

| क्र.सं. | सुचक | पूर्णाङ्क |
|---|---|---|
| १ | शैक्षिक योग्यता | ३० |
| २ | विभिन्न कार्यालयहरूमा काम गरेको अनुभव | २० |
| ३. | अर्न्तवार्ता | ५० |

**दरखास्त दिने अन्तिम मिति** - २०७५/०७/२१ गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।

**तलब** - नेपाल सरकारको प्रचलित नियम अनुसार ।

**दरखास्त दस्तुर** - इन्जिनियर पदको लागि रू १०००/- (रू एक हजार मात्र)
(सब इन्जिनियर पदको लागि रू ७००/- (रू सात सय मात्र)

**दरखास्त दस्तुर बुझाउने स्थान** - बागमती गाउँपालिकाको कार्यालय, भट्टेडाँडा, ललितपुरमा बुझाउन वा यस कार्यालयको कुमारी बैंक लिमिटेडमा रहेको स्थानीय तह सञ्चित कोष खाता नं. (ग-४-१ ०७९००३४६९४२००००३) मा जम्मा गर्न सकिनेछ ।

**अन्तर्वार्ता मिति** - पछि निर्धारण भए बमोजिम हुनेछ ।

**प्राथमिकता** - माथिल्लो योग्यता, न्यूनतम योग्यताको प्राप्ताङ्क प्रतिशत, अनुभव र स्थानीयलाइ प्राथमिकता दिइनेछ ।

**पुनश्च** - थप जानकारीको लागि सम्पर्क नं. ९८५११६३८१७, ९८५१२५५९०० मा सम्पर्क गर्न सक्नु हुनेछ । अन्य व्यवस्थाको हकमा कार्यालयको छनौट तथा सिफारिस समितिको निर्णय अन्तिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**